भिमाद नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

भिमाद नगरपालिका नगरकार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

फोनः ०६५-५७२४३६

प.सं.:- २०७७।०७८
च.नं.:-

**विषयः सेवा करारमा लिने सम्बन्धी दरखास्त आव्हान गरिएको सूचना ।**

प्रथम पटक प्रकाशित मितिः २०७७/०५/१२ गते शुक्रवार

प्रस्तुत विषयमा भिमाद नगरकार्यपालिकाको निर्णय एवं यस कार्यालयको पदपुर्ति समितिको निर्णय अनुसार भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, तनहुँमा आवश्यक देहायका पदहरु सेवा करारमा लिनु पर्ने भएकोले सेवा करारमा काम गर्न ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपशिलका आवश्यक कागजात सहित तोकिएको ढाँचामा विज्ञापन नम्बर, पद, कार्यालय र स्थान स्पष्ट रुपमा उल्लेख गरी यस कार्यालयमा निवेदन दिन दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

क. विज्ञापन नं. २/२०७७/०७८ भिमाद नगरपालिका नगरकार्यपालिकाको कार्यालय, भिमादको लागिः

| क्र.सं. | पद | श्रेणी / तह | आवश्यक पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | रोजगार संयोजक | अधिकृत स्तर | १ | |

ख. विज्ञापन नं. ३/२०७७/०७८ भिमाद नगरपालिका नगरकार्यपालिकाको कार्यालय, भिमादको लागिः

| क्र.सं. | पद | श्रेणी/पद | आवश्यक पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्राविधिक सहायक | सहायक पाचौं | १ | |

१. रोजगार संयोजक (अधिकृतस्तर) पदको लागि आवश्यक न्युनतम योग्यता एवं कागजातहरुः-

क. मान्यता प्रास शिक्षण संस्थावाट कम्तीमा स्नातक तह वा सो सरह उत्तिर्ण भएको प्रमाणपत्रको प्रतिलिपि (न्युनतम भन्दा माथिल्लो योग्यता भएकोलाइ प्राथमिकता दिइनेछ),

ख. प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ,

ग. निवेदन दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ, महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ,

घ. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

ङ. सम्वन्धित पदको वा सो संग सम्वन्धित कार्य अनुभव भए सोको प्रमाण पत्र ।

३. प्राविधिक सहायक (सहायकस्तर पाचौ) को लागि आवश्यक न्युनतम योग्यता एवं कागजातहरुः-

क. मान्यता प्रास शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको प्रमाणपत्रको प्रतिलिपि (न्युनतम भन्दा माथिल्लो योग्यता भएकोलाइ प्राथमिकता दिइनेछ),

ख. कम्तीमा ३ महिने तालिम लिइ आधारभुत कम्प्युटर सीप भएको,

ग. प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ,

घ. निवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ,

ङ. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

च. पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको,

४. सेवा सुविधाः सेवा करार सम्झौता वमोजिम हुनेछ ।

५. पासपोर्ट साइजको २ प्रति फोटो ।

६. दरखास्त दस्तुरः रोजगार संयोजकको लागि रु.१०००। र प्राविधिक सहायकको लागि रु. ४००।

७. छनौटको किसिमः- दरखास्त दिने उम्मेदवारहरुको पेश भएका कागजातहरुको आधारमा दरखास्त दिने म्याद सकिएको मितिले १० दिन भित्र प्रारम्भिक योग्यतांक्रमको सूची प्रकाशन गरी सो सूचिमा समावेश भएका उम्मेदवारहरुको लिखित परिक्षाको मिति तोकिनेछ ।

नोटः उल्लेखित पदहरुको पाठ्यक्रम यस नगरपालिकाको वेवसाइटः www.bhimadmun.gov.np वाट डाउनलोड गरी हेर्न सकिनेछ ।

सिंह थापा
प्रशासकीय अधिकृत